# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसद्ले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**२०५७ सालको ऐन नं. १५**

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

**सञ्चार सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावना : सञ्चार सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,**


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।**

**१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७" रहेकोछ ।**

**(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।**

**२. रेडियो ऐन, २०१४ मा संशोधन : रेडियो ऐन, २०१४ को,-**

**(१) दफा ३ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-**

**"तर दूरसञ्चार ऐन, २०५३ बमोजिम दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति वा त्यस्तो व्यक्ति मार्फत् दूरसञ्चार सेवा उपयोग गर्ने ग्राहकले दूरसञ्चार सेवा सम्बन्धी रेडियो यन्त्र राख्न, बनाउन वा प्रयोग गर्नको लागि यस ऐन बमोजिम लाइसेन्स लिनु पर्ने छैन ।"**

**(२) दफा ६ को सट्टा देहायको दफा ६ राखिएकोछ :-**

**"६. सजाय : (१) कसैले दफा ३ बमोजिम लाइसेन्स नलिई रेडियो यन्त्र राखेमा, बनाएमा वा प्रयोग गरेमा श्री ५ को सरकार वा श्री ५ को सरकारले तोकिदिएको अधिकारीले त्यस्तो रेडियो यन्त्र जफत गरी रेडियो यन्त्र राख्ने, बनाउने वा प्रयोग गर्ने व्यक्तिलाई रेडियो यन्त्रको बिगो कायम गरी बिगो बमोजिम जरिबाना गर्नेछ ।**

**(२) कसैले उपदफा (१) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य काम गरेमा श्री ५ को सरकार वा श्री ५ को सरकारले तोकिदिएको अधिकारीले त्यस्तो व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कसैले उपदफा (१) वा (२) बमोजिमको सजाय हुने काम पुनः गरेमा त्यस्तो व्यक्तिलाई शुरु सजायको दोब्बर सजाय हुनेछ ।"

३. गोरखापत्र संस्थान ऐन, २०१९ मा संशोधन : गोरखापत्र संस्थान ऐन, २०१९ को,-

(१) दफा १६ मा रहेको "महानिर्देशकले" भन्ने शब्दको सट्टा "महाप्रबन्धकले" भन्ने शब्द राखिएकोछ ।

(२) दफा ३०क. मा रहेका "सञ्चार मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सूचना तथा सञ्चार मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

४. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ मा संशोधन : चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा ४ को उपदफा (१) मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर नगरपालिका क्षेत्र बाहेक अन्य स्थानमा चलचित्र भवन स्थापना गर्दा सम्बन्धित जिल्ला विकास समितिको स्वीकृति लिनु पर्नेछ ।"

५. छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ मा संशोधन : छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा ७ पछि देहायको दफा ७क. थपिएकोछ :-

"७क. प्रमाणपत्रको दर्ता खारेज : देहायका अवस्थामा पत्रपत्रिकाको दर्ता खारेज हुनेछ :-

(क) पत्रपत्रिका दर्ता भएको मितिले एक वर्षभित्र एक अङ्क पनि प्रकाशन नगरेमा,

(ख) पत्रपत्रिका प्रकाशन नगरेको मितिले एक वर्षभित्र त्यसको लिखित सूचना सूचना विभागलाई नदिएमा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 556

तर त्यस्तो सूचना एकपटकमा बढीमा एक वर्षको अवधिको लागि र लगातार पाँचपटक गरी पाँच वर्षभन्दा बढी अवधिको लागि दिन पाइने छैन ।"

६. प्रेस काउन्सिल ऐन, २०४८ मा संशोधन : प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (१) को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछ :-

"(क) सर्वोच्च अदालतको अवकाश प्राप्त न्यायाधीश वा वरिष्ठ अधिवक्ता वा पत्रपत्रिकाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट श्री ५ को सरकारबाट मनोनीत व्यक्ति - अध्यक्ष"

(२) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएकोछ :-

"(ग१) सभापति, नेपाल पत्रकार महासंघ - सदस्य"

(३) खण्ड (च) मा रहेको "दुईजना" भन्ने शब्दको सट्टा "एकजना" भन्ने शब्द राखिएकोछ ।

७. राष्ट्रिय प्रसारण ऐन, २०४९ मा संशोधन : राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा १७ को उपदफा (१) मा रहेका "दश हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरुको सट्टा "इजाजतपत्र तथा अनुमतिपत्र दस्तुर र दफा १० बमोजिम लाग्ने शुल्क असुल गरी सो दस्तुर र शुल्क बराबरको रकम जरिबाना" भन्ने शब्दहरु राखिएका छन् ।

८. दूरसञ्चार ऐन, २०५३ मा संशोधन : दूरसञ्चार ऐन, २०५३ को,-

(१) दफा २ को खण्ड (ङ) मा रहेको "भएको" भन्ने शब्दपछि "नेपाल" भन्ने शब्द थपिएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा ५ को उपदफा (१) मा रहेका "आर्थिक, प्राविधिक," भन्ने शब्दहरुको सट्टा "प्राविधिक र प्रशासनिक" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १३ को खण्ड (ज) मा रहेका "निजी क्षेत्रमा" भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २३ को उपदफा (२) को अन्त्यमा रहेको "र त्यस्तो सेवा सञ्चालन गर्न जारी गरिने अनुमतिपत्रको संख्या र प्रक्रिया सोही सूचनामा तोकिए बमोजिम हुनेछ ।" भन्ने वाक्यांश झिकिएकोछ।

(५) दफा २४ पछि देहायको दफा २४क. थपिएकोछ :-

"२४क. अनुमतिपत्र लिन नपर्ने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र लिनु पर्ने छैन :-

(क) श्री ५ को सरकारले आफ्नै प्रयोगको लागि नेटवर्क स्थापना गरी दूरसञ्चार सेवा सञ्चालन गर्न,

(ख) नेपाल अधिराज्यबाहिर दर्ता भएका वायुयानमा अन्तर्राष्ट्रिय अनुबन्ध अनुरुप नेटवर्क जडान गरी दूरसञ्चार सेवा सञ्चालन गर्न,

(ग) कुटनैतिक नियोगले आफ्नै प्रयोगको लागि नेटवर्क स्थापना गरी दूरसञ्चार सेवा सञ्चालन गर्न,

(घ) दूरसञ्चार प्रणालीसंग आवद्ध नगराई आफ्नो घर कम्पाउण्डभित्र दूरसञ्चार सेवा सञ्चालन गर्न,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(ङ) तोकिए बमोजिमका अन्य दूरसञ्चार सेवा सञ्चालन गर्न ।"

(६) दफा ३५ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएकोछ :-

"(३) दूरसञ्चार सेवा सञ्चालनको लागि दूरसञ्चारसंग सम्बन्धित विदेशी संस्थाबाट सदस्यता लिंदा वा विदेशी व्यक्ति वा संस्थासंग सम्झौता गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिलाई लाग्ने विदेशी मुद्रा प्राधिकरणको सिफारिसमा श्री ५ को सरकारले उपलब्ध गराउनेछ ।"

लालमोहर सदर मितिः- २०५७।१०।१८।४

आज्ञाले,
उदयनेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०००
मुद्रण विभाग